काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www .kankrebihar .com



❐ वर्ष : २६ ❐ अंक : ७ ❐ बिहीवार, ८ असोज, २०८३ ❐ Thursday, 24 Sep 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रु. १०

बालविवाहको अन्त्य अभियानबीच कर्णालीमा २० वर्षमुनिका आमा बढ्दै



बच्चालाई कुपोषण भएपछि वीरेन्द्रनगरस्थित पोषण पुनःस्थापना केन्द्र पुगेका २० वर्षमुनिका आमाहरू ।

❐ **चाँदनी कठायत**

सुर्खेत, ७ असोज

जाजरकोटको बारेकोट गाउँपालिकाकी १७ वर्षिया सम्झना विकले दुई वर्षअघि जुम्लाका सुरज नेपालीसँग भागेर बिहे गरिन् । सामाजिक सञ्जालबाट जोडिएका उनीहरुले छोटो समयको चिनजानमै बिहे गरे । सम्झना बिहे गरेको केही महिनामै गर्भवती भइन् । गत वर्ष साउन ६ गते उनलाई सुत्केरी व्यथाले च्याप्यो । सुरुमा सामान्य मानिएको उनको अवस्था विस्तारै जटिल बन्दै गएपछि परिवारले उनलाई रातारात नेपालगञ्ज पुऱ्यायो । तर उनको भेरी अस्पताल पुऱ्याउनासाथ मृत्यु भयो । ‘ हामी धेरै आत्तियौँ, सुर्खेतभन्दा राम्रो नेपालगञ्ज होला कि भन्ने भयो,’ सम्झनाका जेठाजु नाराणले भने, ‘ मान्छे धेरै सानी थिन्, उमेरले पनि शारीरिक रुपमा पनि धेरै सानी लाग्थ्यो, कलिलैमा बिहे गर्नुको परिणाम हो भन्ने लाग्छ मलाई । अहिलेको युगका किशोर किशोरीहरु आफ्नो करियरमा धेरै ध्यान दिने गर्छन् भन्ने लाग्थ्यो तर हाम्रो कर्णालीमा अँझै पनि अवस्था उस्तै छ ।’

बालविवाहसम्बन्धी विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाले धेरै काम गरेपनि उपलब्धी खासै नदेखिएको नारायणको भनाइ छ । बालविवाह रोकथामको क्षेत्रमा लामो समय काम गरेकी सीता नेपालीलाई सरकारले बालविवाह न्युनिकरणका लागि ल्याएका योजना र बनाएका नीति कार्यान्वयनमा अलमल गरेको बताइन् । ‘कर्णालीमा बालविवाह न्युनिकरणका लागि तीनै तहका सरकार लाग्नुपर्छ,’ उनले भनिन्, ‘अहिले त सरकार धेरै नजिक भएको अवस्थामा विभिन्न संघसंस्थाहरुसँग मिलेर यसका लागि ठोस योजना बनाएर लाग्न आवश्यक छ नत्र बालविवाहले थप भयानक रुप लिन्छ ।’

जुम्लाको गुठीचौर गाउँपालिकाकी १९ वर्षिया निर्मला विष्टको काखमा तीन वर्षकी एक छोरी छिन् । उनको गर्भमा अर्को बच्चा पनि हुर्किरहेको छ । एक वर्षअघि उनकी छोरी कडा कुपोषणको शिकार भइन् । उनी करिब दुई महिना वीरेन्द्रनगरमा रहेको पोषण पुनःस्थापना केन्द्रमा बसेर छोरीको अवस्था सुधारेर घर फर्किएकी हुन् । कामको चाप, पौष्टिक खानाको अभाव र कलिलै उमेर । निर्मलाले बालखैमा आमाको बोझ धानेर छोरा छोरी हुर्काउँदै छिन् । तर उनलाई लाग्दैन कि सानैमा बिहे गरेकाले यस्तो भएको हो । ‘खै त्यस्तो त होइन होला,’ उनले भनिन्, ‘मेरा साथीहरुको पनि त मेरै उमेरमा बिहे भाछ कसैलाई केही भएको छैन, १७-१८ वर्ष पुगेपछि घरमा बिहेको कुरा चल्न थालिहाल्छ अनि बिहे नगरी के गर्नु ?’

कसैलाई घरको दबाब, कोही किशोरीहरु महिनावारी विभेद सहन नसकेर त कोही किशोर किशोरी सामाजिक सञ्जालमार्फत नजिकिएर सानैमा बिहे गर्ने प्रवृत्तिले कर्णालीमा कलिलैमा किशोरीहरु आमाको बोझ बोक्न बाध्य छन् । यति मात्र होईन आफ्नो ज्यान नै जोखिममा पारिरहेका छन् ।

कर्णाली प्रदेश स्वास्थ्य निर्देशनालयको तथ्यांकअनुसार प्रदेशमा २० वर्षमुनि आमा बन्नेको हिस्सा पछिल्ला वर्षमा करिब पाँचमध्ये एकको हाराहारीमा छ । आर्थिक वर्ष २०७९/८० मा २० वर्षमुनिका आमाबाट भएको संस्थागत सुत्केरी कुल सुत्केरीको २१ दशमलव ६४ प्रतिशत थियो । २०८०/८१ मा यो २० दशमलव ६४ प्रतिशत, २०८१/८२ मा २० दशमलव ८२ प्रतिशत र २०८२/८३ मा पुनः बढेर २१ दशमलव ३४ प्रतिशत पुगेको छ । *बाँकी पृष्ठ ३*

उद्धारमा पनि २० वर्ष मुनिका गर्भवती तथा किशोरी

नेपाल सरकारले आर्थिक वर्ष ०७५/७६ देखि दुर्गममा जोखिममा रहेका सुत्केरी तथा गर्भवतीको राष्ट्रपति महिला उत्थान कार्यक्रममार्फत निःशुल्क उद्धार गर्दै आएको छ । जसअन्तर्गत उपलब्ध तथ्यांकअनुसार कर्णालीबाट आर्थिक वर्ष २०७५/७६ मा उद्धार गरिएका १० जनामध्ये ३ जना २० वर्षमुनिका थिए । २०७६/७७ मा ३४ जनामध्ये ९ जना, २०७७/७८ मा २८ जनामध्ये ५ जना, २०७८/७९ मा ५१ जनामध्ये ७ जना, २०७९/८० मा ४४ जनामध्ये ७ जना, २०८०/८१ मा ३९ जनामध्ये ८ जना, २०८१/८२ मा ५३ जनामध्ये ११ जना र २०८२/८३ मा उद्धार गरिएका ४३ जनामध्ये ९ जना २० वर्षमुनिका छन् ।

कर्णाली सरकारले बालविवाह न्यूनीकरणका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ । बालविवाह अन्त्यसम्बन्धी रणनीति २०८२ लाई समुदाय र विद्यालय तहसम्म पुऱ्याउने, बालक्लबमार्फत सचेतना बढाउने तथा स्थानीय तहसँग समन्वय गर्ने काम अघि बढाइएको छ ।

यसैगरी २०७६ सालदेखि सुरु गरिएको ‘बैंक खाता छोरीको, सुरक्षा जीवनभरिको’ कार्यक्रमको उद्देश्य पनि छोरीमाथिको विभेद घटाउने, बालविवाह न्यूनीकरण गर्ने र उच्च शिक्षामा सहयोग गर्ने
थियो । कार्यक्रममा पहिलोपटक एक हजार र त्यसपछि मासिक पाँच सय रुपैयाँ जम्मा गर्ने व्यवस्था थियो ।

तर पछिल्ला चार वर्षदेखि खातामा नियमित रकम जम्मा भएको छैन र आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रममा कार्यक्रम समेटिएको छैन । करिब ५१ हजार छोरी आबद्ध रहेको कार्यक्रमको खातामा ४२ करोड ६३ लाख रुपैयाँभन्दा बढी रकम रहेको र यसको भविष्य अन्योलमा परेको छ ।

सम्भावित भीषण वर्षाः कहाँ कहाँ पर्छ धेरै पानी ?

❐ **काँक्रेविहार संवाददाता**

काठमाडौं, ७ असोज

मौसम पूर्वानुमानअनुसार कोशी र बागमती प्रदेशमा असोज ७ गते साँझदेखि १० गतेसम्म, मधेशमा असोज ८ र ९ गते, गण्डकी र लुम्बिनीमा असोज ८ देखि ११ गतेसम्म तथा कर्णाली र सुदूरपश्चिममा असोज ९ देखि ११ गतेसम्म वर्षाको प्रभाव रहने सम्भावना छ ।

मौसम पूर्वानुमान महाशाखाले वर्षाका कारण बाढी, पहिरो, गेग्रान बहाव, डुबान तथा सडक र हवाई यातायातमा असर पर्न सक्ने भएकाले जोखिमयुक्त क्षेत्रमा आवश्यक सतर्कता अपनाउन आग्रह गरेको छ ।

विशेषगरी पछिल्लो समय भोटेकोशी बाढी तथा पहिरोबाट प्रभावित क्षेत्रमा थप वर्षाले जोखिम बढाउन सक्ने भएकाले पूर्वतयारीमा जोड दिइएको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले भारीदेखि धेरै भारी वर्षाका कारण बाढी, पहिरो तथा गेग्रान बहाव आउनुका साथै सहरी तथा तराई क्षेत्रमा डुबानको जोखिम रहने भएकाले आवश्यक सतर्कता अपनाउन भनेको छ ।

प्राधिकरणले अत्यन्त जरुरी नभई नदी तथा खोलाको किनारमा यात्रा नगर्न, सम्बन्धित संघीय मन्त्रालय तथा निकाय, प्रदेश सरकार, स्थानीय तह, टोल विकास संस्था, सुरक्षा निकाय तथा स्वयंसेवकलाई आमसर्वसाधारणलाई सूचित गरी प्रतिकार्यका लागि तयारी अवस्थामा रहन आग्रह गरेको छ ।

लुम्बिनीबाट विश्व शान्तिको नयाँ संकल्प



❐ **काँक्रेविहार संवाददाता**

रूपन्देही-७ असोज

लुम्बिनीमा आयोजित १७ औं विश्व शान्ति मञ्चले बदलिँदो विश्व परिस्थितिमा शान्तिको नयाँ आधार तय गर्दै जलवायु न्याय, प्रविधिको नैतिक प्रयोग, समावेशी कूटनीति र मानवीय सुरक्षालाई प्राथमिकतामा राख्ने प्रतिबद्धता जनाएको छ ‘२१ औं शताब्दीमा शान्तिको पुनर्कल्पना’ मूल नारासहित तीन दिनसम्म सञ्चालन भएको मञ्चले ‘लुम्बिनी विश्व शान्ति घोषणापत्र-२०२६’ सर्वसम्मत रूपमा पारित गरेको हो । सेन्जेन पिस फाउन्डेसनकी अध्यक्ष भिकी ह्यान्सेन र लुम्बिनी विश्व शान्ति मञ्चका संस्थापक तथा अध्यक्ष बसु गौतमले बुधबार सार्वजनिक गरेको घोषणापत्रमा १७औं विश्व शान्ति मञ्च दक्षिण एसियामै पहिलोपटक आयोजना भएको उल्लेख छ । विभिन्न संस्कृति, राष्ट्र र महादेशलाई शान्तिको साझा अभियानमा जोड्ने ऐतिहासिक अवसरका रूपमा मञ्चलाई प्रस्तुत गर्दै घोषणापत्रले विश्वमा बढ्दै गएको भूराजनीतिक चुनौतीका रूपमा औंल्याएको छ ।

भूमि समस्या समाधान आयोगका तत्कलीन जिल्ला अध्यक्षसहित १२ जना विरूद्ध भ्रष्टाचार मुद्दा

❐ **काँक्रेविहार संवाददाता**

सुर्खेत, ७ असोज

सरकारी स्वामित्वमा रहेको जग्गा व्यक्तिको नाममा गराएको अभियोगमा कालीकोटका तत्कालीन भूमिसम्बन्धी समस्या समाधान आयोग जिल्ला समितिका अध्यक्षसहित १२ जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर भएको छ । जग्गा नाममा गराउन भूमिका खेल्ने, नाममा लिने र सो कार्यमा सहभागी भएका १२ जनाविरुद्ध अख्तियार दुरुपायोग अनुसन्धान आयोगले बुधबार विशेष अदालतमा मुद्दा दायर गरेको हो ।

कालिकोटको खाँडाचक्र नगर विकास समिति



र सरकारी स्वामित्वमा रहेको करोडौँ मूल्य पर्ने जग्गा गैरकानुनी रुपमा व्यक्तिका नाममा दर्ता गरेको अभियोग उनीहरुमाथि लागेको छ । अख्तियारले तत्कालीन जिल्ला समिति अध्यक्ष धिर बहादुर बम, समितिका विज्ञ सदस्य रमेश नेपाली, सदस्य राजेन्द्रबहादुर थापा (वर्तमान खाँडाचक्र नगरपालिका-१ का वडाध्यक्ष), तत्कालिन जिल्ला मालपोत कार्यालय प्रमुख नेत्रबहादुर शाहीविरुद्ध जनही १ करोड ७६ लाख ८६ हजार ८०० रुपैयाँ विगोसहित कैद र जरिवाना माग गरेको छ ।

तत्कालिन भूमिस समस्या समाधान आयोग जिल्ला समितिका अध्यक्ष बम, सदस्यहरु नेपाली र थापाले तत्कालिन समयमा नेकपा एमालेको कोटाबाट राजनीतिक नियुक्ति लिएका थिए ।

प्रतिवादीहरुले खाँडाचक्र नगरपालिका-१ स्थित कर्णाली राजमार्गसँगै जोडिएको नगर विकास समितिको कित्ता नं. १७७२ तथा सरकारी प्रकृतिका कित्ता नं. ५७२ र ९२१ का जग्गाहरु मिलेमतोमा गैरकानुनी रुपमा व्यक्तिको नाममा दर्ता गराई लाभ लिएको र सरकारलाई प्रत्यक्ष हानीनोक्सानी पुऱ्याएको अनुसन्धानबाट खुलेको अख्तियारको दावी छ ।

समितिले स्थलगत निरीक्षण नगरी, न्यूनतम कानुनी प्रक्रियासमेतपूरानगरीविधिमिचेर नगरपालिकाको बजार क्षेत्रमा तोकिएको *बाँकी पृष्ठ २*

पत्रकारितालाई मर्यादित एवं व्यावसायिक पेसा बनाइनुपर्नेमा जोड

❐ **काँक्रेविहार संवाददाता**

काठमाडौं-७ असोज

सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनाले पत्रकारितालाई मर्यादित एवं व्यावसायिक पेसा बनाइनुपर्नेमा जोड दिएका छन् । नेपाल पत्रकार महासङ्घ, नेपाल टेलिभिजन प्रतिष्ठान शाखाले बुधबार सिंहदरबारमा आयोजना गरेको हेम-सुनिल जोखिमपूर्ण टेलिभिजन पत्रकार पुरस्कार वितरण समारोहमा मन्त्री तिमिल्सिनाले श्रमजीवी पत्रकारको हकहितको रक्षा गर्न सरकार प्रतिबद्ध रहेको भन्दै पत्रकारिता क्षेत्रलाई पनि मर्यादित एवं व्यावसायिक पेसा बनाइनुपर्नेमा जोड दिएका हुन् ।

उनले श्रमजीवी पत्रकारहरूले आफ्नो न्यूनतम पारिश्रमिक पाउनका लागि सडकमा आन्दोलनगर्नुपर्ने विडम्बनापूर्ण अवस्थाको अन्त्य हुनुपर्ने धारणा राखे ।

पत्रकारितामा जोखिम मोलेर रिपोर्टिङ गर्ने कार्य प्रशंसनीय भए पनि पत्रकार हरूले आफ्नो जीवनलाई नै खतरामा राखेर काम गर्न नहुने र ‘सुरक्षा पहिलो’ को मान्यता अपनाउनुपर्ने उनले बताए ।

उनले सार्वजनिक प्रसारण संस्थाहरूको सुधारका लागि निर्मम भएर विगतका कमजोरी सच्याउनुपर्ने उल्लेख गरे ।

काँक्रेविहार राष्ट्रिय दैनिक
दृष्टिकोण
बिहीवार, ८ असोज, २०८३
Thursday, 24 Sep 2026

सम्पादकीय

कर्णालीमा खेलकुदको महाकुम्भ हुनेमा आशावादी

दसौँ राष्ट्रिय खेलकुद प्रतियोगिता कर्णालीमा आयोजना हुने निश्चिततासँगै प्रदेशको खेलकुद क्षेत्रले नयाँ आशा र उत्साह सञ्चार गरेको छ । लामो समयदेखि अन्योलमा रहेको राष्ट्रिय खेलकुदको मिति तोकिनु र त्यसअनुसार तयारी अघि बढ्न थाल्नु आफैंमा सकारात्मक सुरूवात हो । अबको आवश्यकता भनेको यो आशालाई परिणाममा बदल्नु हो । मंसिर १६ देखि २९ गतेसम्म दसौँ राष्ट्रिय खेलकुद सञ्चालन गर्ने तयारी अघि बढेको छ । प्रतियोगिताको मिति तय भएसँगै खेलाडी छनोट, प्रशिक्षण, खेलस्थल व्यवस्थापन र अन्य तयारीले गति लिन थालेका छन् । वर्षौंदेखि राष्ट्रियस्तरको प्रतियोगिताको प्रतीक्षामा रहेका खेलाडीका लागि यो खबर उत्साहजनक छ । उनीहरूले आफ्नो क्षमता प्रदर्शन गर्ने अवसर पाउने वातावरण बन्न थालेको छ ।

कर्णालीका लागि दसौँ राष्ट्रिय खेलकुद एउटा प्रतियोगिता मात्र होइन, प्रदेशको खेलकुद सम्भावना उजागर गर्ने महत्वपूर्ण अवसर पनि हो । कर्णालीमा प्रतिभाको कमी छैन । उचित प्रशिक्षण, पूर्वाधार र अवसरको अभावले धेरै प्रतिभा राष्ट्रिय मञ्चसम्म पुग्न नसकेको अवस्था छ । राष्ट्रिय खेलकुदको आयोजनाले स्थानीय खेलाडीलाई आफ्नै भूमिमा देशभरका उत्कृष्ट खेलाडीसँग प्रतिस्पर्धा गर्ने अवसर प्रदान गर्नेछ । प्रतियोगितालाई सफल बनाउन अब तयारीलाई योजनाबद्ध र समयबद्ध बनाउन आवश्यक छ । निर्माणाधीन तथा अपुग खेल पूर्वाधारलाई प्राथमिकताका आधारमा समयमै सम्पन्न गर्नुपर्छ । खेलस्थलको गुणस्तरमा सम्झौता नगरी आवश्यक खेल सामग्री, प्राविधिक जनशक्ति र उपकरणको व्यवस्थापन गरिनुपर्छ । खेलाडीको आवास, खानपान, यातायात, स्वास्थ्य र सुरक्षालाई पनि तयारीको केन्द्रमा राख्नुपर्छ ।

त्यसैगरी संघीय सरकार, राष्ट्रिय खेलकुद परिषद्, कर्णाली प्रदेश सरकार, स्थानीय तह र सम्बन्धित खेल संघबीच प्रभावकारी समन्वय आवश्यक छ । कसको जिम्मेवारी के हो भन्ने स्पष्ट गरेर नियमित अनुगमन गर्न सके अन्तिम समयमा देखिने समस्या धेरै हदसम्म रोक्न सकिन्छ । बजेटको पर्याप्तता मात्र होइन, त्यसको पारदर्शी र प्रभावकारी उपयोगमा पनि ध्यान दिनुपर्छ । सबैभन्दा महत्वपूर्ण कुरा, प्रतियोगिता सकिएपछि यसको उपलब्धि पनि जोगिनुपर्छ। निर्माण भएका खेल पूर्वाधारलाई नियमित प्रशिक्षण, प्रतियोगिता र खेलाडी उत्पादनमा प्रयोग गर्ने दीर्घकालीन योजना अहिले नै बनाउनुपर्छ। यसो गर्न सके दसौँ राष्ट्रिय खेलकुद कर्णालीका लागि केही दिनको उत्सवमा सीमित नभई खेलकुद विकासको स्थायी आधार बन्न सक्छ। लामो प्रतीक्षापछि मिति तोकिएको छ, तयारी सुरू भएको छ र आशा पलाएको छ । अब यो आशालाई निराशामा बदलिन दिनु हुँदैन । समयमै तयारी पूरा गर्दै उत्कृष्ट व्यवस्थापनका साथ दसौँ राष्ट्रिय खेलकुद सम्पन्न गर्न सके कर्णालीले देशलाई आफ्नो आतिथ्य मात्र होइन, आफ्नो खेलकुद क्षमता पनि देखाउन सक्नेछ ।

विश्व सम्बन्धमा संयुक्त राष्ट्रसंघको महासभाले दिने सन्देश



✍ उपेन्द्र विश्वकर्मा

विश्व राजनीति अहिले निकै जटिल मोडमा पुगेको छ । एकातिर शक्ति राष्ट्रहरूबीच प्रतिस्पर्धा बढिरहेको छ भने अर्कोतिर विभिन्न ठाउँमा युद्ध र द्वन्द्व जारी छन् । आर्थिक असमानता, जलवायु परिवर्तन, शरणार्थी समस्या, प्रविधिको तीव्र विकास र कृत्रिम बुद्धिमत्ताले सिर्जना गरेका नयाँ चुनौती पनि थपिएका छन् । विश्व व्यवस्था एकध्रुवीय संरचनाबाट बहुध्रुवीयतातर्फ जाने क्रममा छ। यस्तो अवस्थामा संयुक्त राष्ट्रसंघको महासभा झन् महत्वपूर्ण बन्न पुगेको छ।

दोस्रो विश्वयुद्धको भयावह अनुभवपछि अन्तर्राष्ट्रिय शान्ति, सुरक्षा र सहकार्यका लागि संयुक्त राष्ट्रसंघ स्थापना भएको थियो । त्यसयता विश्व राजनीतिमा धेरै परिवर्तन भइसके । नयाँ राष्ट्रहरू जन्मिए, नयाँ शक्ति केन्द्रहरू उदाए र अन्तर्राष्ट्रिय सम्बन्धका विषय पनि फराकिला भए । तर सबै देशलाई एउटै मञ्चमा बसेर आफ्ना कुरा राख्ने अवसर दिने संस्थाका रूपमा महासभाको महत्व अझै घटेको छैन । बरु अहिलेको तनावपूर्ण विश्व राजनीतिमा यसको आवश्यकता झन् महसुस हुन थालेको छ। महासभाको वार्षिक बैठकलाई त्यसैले केवल राष्ट्रप्रमुख र सरकार प्रमुखहरूले भाषण गर्ने औपचारिक कार्यक्रमका रूपमा मात्र हेर्न मिल्दैन । यसले विश्व राजनीतिका प्राथमिकता, चिन्ता र सम्भावित सहकार्यको दिशासमेत देखाउँछ।

महासभाले दिने पहिलो र महत्वपूर्ण सन्देश हो– बहुपक्षीयता अब विकल्प होइन, आवश्यकता हो । आजको विश्वमा कुनै एउटा देशले मात्र सबै समस्या समाधान गर्न सक्दैन । जलवायु परिवर्तन, महामारी, आतंकवाद, साइबर अपराध, खाद्य संकट वा आणविक जोखिमजस्ता समस्या कुनै एउटा देशको सीमाभित्र सीमित छैनन्। तिनको प्रभाव एक देशबाट अर्को देशसम्म पुग्छ । त्यसैले यस्ता समस्याको समाधानका लागि देशहरूबीच सहकार्य अपरिहार्य छ।

यही कारण महासभा महत्वपूर्ण छ । यहाँ ठूलो र सानो, धनी र गरिब, विकसित र विकासशील सबै देशले आफ्ना कुरा राख्न पाउँछन्। शक्तिका हिसाबले देशहरू समान नहोलान्, तर महासभामा उनीहरूको सार्वभौम हैसियत समान हुन्छ । यही नै बहुपक्षीय कूटनीतिको मूल भावना हो । आजको विश्वमा 'मेरो देश मात्र' भन्ने सोचभन्दा 'हामी सबैको साझा हित के हो?' भन्ने प्रश्न बढी महत्वपूर्ण हुँदै गएको छ।

तर संयुक्त राष्ट्रसंघ आफैं भने सुधारबाट मुक्त छैन । महासभाले विश्वलाई अर्को महत्वपूर्ण सन्देश पनि दिन्छ–विश्व शासनका संस्थाहरूलाई समयअनुसार सुधार गर्नुपर्छ । १९४५ मा संयुक्त राष्ट्रसंघ स्थापना हुँदा विश्वको शक्ति संरचना अहिलेभन्दा निकै फरक थियो । आज एसिया, अफ्रिका र ल्याटिन अमेरिकाका मुलुकहरूको राजनीतिक तथा आर्थिक महत्व बढेको छ। तर सुरक्षा परिषद्को संरचना भने धेरै हदसम्म त्यही पुरानो शक्ति संरचनामा आधारित छ।

सुरक्षा परिषद्का पाँच स्थायी सदस्यसँग भिटो अधिकार हुनु यसको सबैभन्दा चर्चित पक्ष हो । विश्वका धेरै देशले लामो समयदेखि सुरक्षा परिषद्को विस्तार र प्रतिनिधित्वमा सुधारको माग गर्दै आएका छन् । विकासशील मुलुकहरूलाई निर्णय प्रक्रियामा थप स्थान दिनुपर्ने आवाज पनि उठिरहेको छ। त्यसैले संयुक्त राष्ट्रसंघलाई अझ प्रतिनिधिमूलक, लोकतान्त्रिक र समावेशी बनाउने बहस अब टार्न सकिने विषय हो इन।

महासभाले दिने अर्को ठूलो सन्देश हो–युद्धको विकल्प युद्ध होइन, संवाद हो । आज संसारका विभिन्न क्षेत्रमा भइरहेका युद्ध र द्वन्द्वले यसको आवश्यकता झन् प्रस्ट पारेका छन् । रुस-युक्रेन युद्ध होस् वा मध्यपूर्वको लामो समयदेखिको द्वन्द्व, अन्ततः सबैभन्दा ठूलो मूल्य सर्वसाधारण नागरिकले चुकाउनुपरेको छ । घरबार गुमाउने, विस्थापित हुने र ज्यान गुमाउने मानिसको संख्या बढ्छ । अर्थतन्त्र ध्वस्त हुन्छ । विकासका काम पछाडि धकेलिन्छन् ।

त्यसैले अन्तर्राष्ट्रिय विवादलाई सम्भव भएसम्म वार्ता, कूटनीति र मध्यस्थताबाट समाधान गर्ने संस्कार बलियो बनाउन आवश्यक छ । महासभाले युद्धरत पक्षलाई सम्झाउने, अन्तर्राष्ट्रिय जनमत निर्माण गर्ने र शान्तिपूर्ण समाधानका लागि वातावरण बनाउने महत्वपूर्ण राजनीतिक मञ्चका रूपमा काम गर्न सक्छ । उसको शक्ति सधैं कानुनी आदेशमा मात्र हुँदैन । कहिलेकाहीं नैतिक र राजनीतिक दबाब पनि उत्तिकै महत्वपूर्ण हुन्छ।

यससँगै राष्ट्रिय सार्वभौमिकता र क्षेत्रीय अखण्डताको सम्मान पनि आजको अन्तर्राष्ट्रिय सम्बन्धको महत्वपूर्ण विषय हो । संयुक्त राष्ट्रसंघको बडापत्रले सबै राज्यको सार्वभौमिक समानतालाई महत्व दिएको छ । कुनै देश ठूलो छ भन्दैमा उसले सानो देशमाथि आफ्नो इच्छा थोपर्न पाउने अवस्था हुनु हुँदैन । सैन्य, आर्थिक वा राजनीतिक शक्तिको आधारमा कमजोर राष्ट्रमाथि दबाब बढाउने प्रवृत्तिले अन्तर्राष्ट्रिय व्यवस्थाप्रतिको विश्वास कमजोर बनाउँछ ।

नेपालजस्ता साना तथा विकासशील मुलुकका लागि यो विषय झन् महत्वपूर्ण छ । नेपालको विदेश नीतिमा सार्वभौमिक समानता, पञ्चशील, असंलग्नता र शान्तिपूर्ण विवाद समाधानलाई महत्व दिइएको छ। त्यसैले महासभाजस्तो मञ्च नेपालका लागि आफ्ना राष्ट्रिय हित र विश्वव्यापी सरोकारका विषय उठाउने महत्वपूर्ण ठाउँ हो ।

अर्को महत्वपूर्ण कुरा हो–शान्ति र विकासलाई अलग गरेर हेर्न सकिँदैन । गरिबी, बेरोजगारी, असमानता, खाद्य असुरक्षा र कमजोर राज्य संस्थाले समाजमा असन्तोष र अस्थिरता बढाउन सक्छन् । त्यसैले युद्ध नभएको अवस्थालाई मात्र शान्ति भन्न मिल्दैन। नागरिकले सम्मानपूर्वक बाँच्न पाउने अवस्था, रोजगारीको अवसर, सामाजिक सुरक्षा, शिक्षा, स्वास्थ्य र समान अवसर पनि शान्तिका आधार हुन् ।

यस अर्थमा दिगो विकास लक्ष्यहरू महत्वपूर्ण छन् । विकास भनेको केवल सडक, भवन वा आर्थिक वृद्धिको तथ्यांक मात्र होइन । त्यसको वास्तविक अर्थ मानिसको जीवनमा सुधार आउनु हो । सामाजिक न्याय, वातावरण संरक्षण र आर्थिक अवसरलाई सँगसँगै अघि बढाउन सकिए मात्र विकास दिगो हुन्छ । महासभाका छलफलहरूले यही व्यापक अर्थमा विकास र शान्तिको सम्बन्धलाई जोड दिन सक्छन् ।

आजको विश्वमा जलवायु परिवर्तन र जलवायु न्याय पनि महासभाको महत्वपूर्ण विषय बनेको छ । जलवायु परिवर्तनको असर सबै देशले समान रूपमा भोगेका छैनन् । धेरै कम कार्बन उत्सर्जन गर्ने गरिब र विकासशील मुलुकहरूले पनि यसको ठूलो मूल्य चुकाइरहेका छन् । बाढी, पहिरो, हिमनदी पग्लिने, सुख्खा, अतिवृष्टि र खाद्य संकटजस्ता समस्या बढ्दै छन् ।

नेपाल यसको प्रत्यक्ष उदाहरण हो । हिमालमा हुने परिवर्तन केवल नेपालको समस्या होइन । यसको प्रभाव दक्षिण एसियाका नदी प्रणाली, कृषि, जलस्रोत र जनजीवनसम्म पुग्न सक्छ । त्यसैले नेपालले जलवायु परिवर्तनलाई वातावरणीय मुद्दा मात्र नभई विकास, अर्थतन्त्र र सुरक्षासँग जोडिएको विषयका रूपमा अन्तर्राष्ट्रिय मञ्चमा उठाउन आवश्यक छ । जलवायु वित्त, प्रविधि हस्तान्तरण, अनुकूलन र जलवायुजन्य क्षतिको सम्बोधनमा अन्तर्राष्ट्रिय सहकार्य बढाउनुपर्ने आवश्यकता छ ।

त्यसैगरी, प्रविधि र कृत्रिम बुद्धिमत्ता अहिले विश्व सम्बन्धको नयाँ शक्ति-क्षेत्र बन्दै गएको छ । प्रविधिले शिक्षा, स्वास्थ्य, व्यापार र सञ्चारमा ठूलो परिवर्तन ल्याएको छ । तर यसको अर्को पाटो पनि छ । साइबर अपराध, गलत सूचना, डिजिटल विभाजन, व्यक्तिगत गोपनीयताको प्रश्न र स्वायत्त हतियारजस्ता चुनौती थपिएका छन् ।

प्रविधि केही विकसित देश वा ठूला कम्पनीको नियन्त्रणमा मात्र सीमित रह्यो भने विश्वमा नयाँ प्रकारको असमानता पैदा हुन सक्छ। त्यसैले विकासशील देशलाई पनि नयाँ प्रविधिमा पहुँच, ज्ञान र पूर्वाधार उपलब्ध गराउने विषयमा अन्तर्राष्ट्रिय सहकार्य आवश्यक छ । कृत्रिम बुद्धिमत्ताको विकास मानव हितमा कसरी प्रयोग गर्ने भन्ने प्रश्न अब केवल प्राविधिक प्रश्न रहेन । यो अन्तर्राष्ट्रिय राजनीति र विश्व शासनको विषय पनि बनिसकेको छ।

त्यस्तै, मानव अधिकारलाई विश्व सम्बन्धको केन्द्रमा राख्नु पनि आवश्यक छ। कुनै देशको सार्वभौमिकताको सम्मान हुनुपर्छ, तर त्यसको नाममा नागरिकका आधार भूत अधिकारलाई बेवास्ता गर्न मिल्दैन । अभिव्यक्ति स्वतन्त्रता, समानता, लैंगिक न्याय, अल्पसंख्यकको अधिकार र जातीय विभेदको अन्त्य आधुनिक लोकतान्त्रिक विश्वका आधारभूत मूल्य हुन्।

तर व्यवहारमा भने सार्वभौमिकता र मानव अधिकारबीचको सन्तुलन जटिल देखिन्छ। यही कारण महासभामा यस विषयमा निरन्तर बहस आवश्यक हुन्छ। देशहरूबीच आरोप-प्रत्यारोप मात्र होइन, साझा मापदण्ड र संवादको वातावरण निर्माण गर्नु अझ महत्वपूर्ण कुरा हो।

विश्वव्यापी आर्थिक असमानता पनि बेवास्ता गर्न नसकिने विषय हो । विकासशील देशहरू ऋणको दबाब, कमजोर वित्तीय क्षमता, व्यापार असमानता र प्रविधिमा सीमित पहुँचका कारण धेरै चुनौतीमा छन् । विश्व अर्थतन्त्रमा केही देश र संस्थाको प्रभाव अत्यधिक केन्द्रित हुँदा निर्णय प्रक्रियामा विकासशील राष्ट्रहरूको आवाज कमजोर हुने गुनासो पनि सुनिन्छ।

त्यसैले अन्तर्राष्ट्रिय वित्तीय संरचनामा सुधार, विकासशील देशको प्रतिनिधित्व र न्यायपूर्ण व्यापारका विषय महासभाको बहसमा आउनु स्वाभाविक हो । आर्थिक विकासको लाभ केही देश वा समूहमा मात्र सीमित नभई व्यापक रूपमा बाँडिन सके विश्वमा स्थायित्व पनि बढ्न सक्छ।

नेपालका लागि महासभा अर्को अर्थमा पनि महत्वपूर्ण छ । नेपालले आफ्नो परराष्ट्र नीतिमा सार्वभौमिक समानता, पञ्चशील, असंलग्नता, शान्तिपूर्ण विवाद समाधान र संयुक्त राष्ट्रसंघको बडाप्रतिको प्रतिबद्धतालाई महत्व दिँदै आएको छ । नेपालले जलवायु परिवर्तन, पर्वतीय वातावरण, विकासशील राष्ट्रका सरोकार, शान्ति स्थापना र वैदेशिक रोजगारीमा रहेका नेपालीका अधिकारजस्ता विषयलाई अन्तर्राष्ट्रिय मञ्चमा थप प्रभावकारी रूपमा उठाउन सक्छ।

तर महासभाको प्रभावकारितामाथि प्रश्न पनि उठ्छ। महासभाका धेरै प्रस्ताव कानुनी रूपमा बाध्यकारी हुँदैनन्। त्यसैले प्रस्ताव पारित हुँदैमा समस्या समाधान भइहाल्छ भन्ने होइन । यसको वास्तविक शक्ति राजनीतिक वैधता, अन्तर्राष्ट्रिय जनमत, कूटनीतिक दबाब र संवाद निर्माणमा हुन्छ । संसारका ठूला शक्ति राष्ट्रदेखि साना मुलुकसम्म एउटै मञ्चमा उभिएर बोल्न पाउनु आफैंमा महत्वपूर्ण उपलब्धि हो ।

अन्ततः संयुक्त राष्ट्रसंघको महासभाले आजको विश्वलाई एउटा सरल तर गहिरो सन्देश दिन्छ–शक्ति मात्रले विश्व चल्दैन, सहकार्य पनि चाहिन्छ । युद्धले स्थायी समाधान दिँदैन, संवाद चाहिन्छ । प्रभुत्वभन्दा सार्वभौमिक समानता महत्वपूर्ण छ । विकाससँगै न्याय पनि चाहिन्छ। र राष्ट्रिय हितसँगै साझा मानव भविष्यलाई पनि ध्यान दिनुपर्छ।

विश्व अहिले नयाँ शक्ति सन्तुलनतर्फ अघि बढिरहेको छ। अमेरिका, चीन, रुस, युरोप र अन्य क्षेत्रीय शक्तिहरूबीच प्रतिस्पर्धा बढिरहेको अवस्थामा बहुपक्षीय संस्थाको भूमिका अझ महत्वपूर्ण हुन्छ । शक्ति-प्रतिस्पर्धालाई व्यवस्थापन गर्ने साझा नियम र संवादको मञ्च कमजोर भयो भने विश्व थप अस्थिर बन्न सक्छ।

त्यसैले संयुक्त राष्ट्रसंघको महासभा केवल राष्ट्रप्रमुखहरूको वार्षिक जमघट होइन । यो विश्वले आफू कस्तो अन्तर्राष्ट्रिय व्यवस्था चाहन्छ भन्ने विषयमा छलफल गर्ने साझा राजनीतिक मञ्च हो । २१औँ शताब्दीको चुनौती भनेको विश्व शक्तिहरूबीचको प्रतिस्पर्धाका बीच साझा मानवताको आवाजलाई कसरी बलियो बनाउने भन्ने हो । यसको उत्तर भाषणमा मात्र होइन, व्यवहारमा देखिने सहकार्यमा खोजिनुपर्छ ।

विश्वका राष्ट्रहरूले एकअर्काको सार्वभौमिकताको सम्मान गर्दै, अन्तर्राष्ट्रिय कानुनलाई आधार मान्दै र साझा समस्यामा मिलेर काम गर्न सके संयुक्त राष्ट्रसंघको उद्देश्य अझ अर्थपूर्ण बन्न सक्छ । अन्ततः महासभाको सार यही हो–विश्व फरक-फरक राष्ट्रहरूको समूह मात्र होइन; साझा समस्याहरू र साझा भविष्य बोकेको मानव समुदाय पनि हो ।

(लेखक मध्यपश्चिम विश्वविद्यालय स्कुल अफ ल का पूर्व निर्देशक एवं अन्तर्राष्ट्रिय सम्बन्ध र कूटनीति विभागमा कार्यरत हुनुहुन्छ)

भूमि...

१३० वर्ग मिटरको सीमाभन्दा अत्यधिक बढी क्षेत्रफल भएको जग्गा कृषि प्रयोजनका नाममा उपलब्ध गराएको पाईएको अख्तियारले जनाएको छ। उक्त जग्गा पाउने व्यक्तिहरुको अन्यत्रै घरजग्गा रहेको र जग्गाधनी प्रमाण पुर्जा पाएको छोटो समयमै बिक्रीसमेत गरेको पाइएको आयोगका प्रवक्ता सुरेश न्यौपानेले विज्ञप्तिमार्फत जानकारी दिएका छन् ।

अख्तियारले खाँडाचक्र नगरपालिका-१ का तत्कालीन वडा सदस्य तथा कार्यवाहक वडा अध्यक्ष भरत बहादुर शाही विरुद्ध १ करोड ९४ हजार ४०० बिगो दावीसहित कैद सजाय तथा जरिवाना माग गरेको छ।

जिल्ला मालपोत कार्यालय (हाल भूमि प्रशासन कार्यालय) का तत्कालीन नायब सुब्बा मुकुन्द बस्नेत र करार सेवामा कार्यरत कार्यालय सहयोगी भक्तबहादुर शाहीविरुद्ध जनही ७५ लाख ९२ हजार ४०० रुपैयाँ बिगो मागदाबी गरिएको छ। सोही कार्यालयका सहायक कम्प्युटर अपरेटर विरेन्द्र बहादुर शाही लाई कैद र जरिवानाको माग गरिएको छ।

सरकारी जग्गा आफ्नो नाममा बनाएर भ्रष्टाचारको मतियार बनेको अभियोगमा जग्गा प्राप्त गर्नेहरुविरुद्ध पनि विगोसहित कैद तथा जरिवाना एवम् जग्गा फिर्ताको माग गरिएको छ।

कित्ता नम्बर ५७२ को जग्गा प्राप्त गर्ने अंखपुरा शाहीविरुद्ध ४३ लाख ८८ हजार चार सय रुपैयाँ, कित्ता नम्बर ५७२ को जग्गा प्राप्त गर्नेहरु प्रदिपे दमाईविरुद्ध ५७ लाख ६ हजार रुपैयाँ र कित्ता नम्बर ९२१ को जग्गा प्राप्त गर्ने दीपबहादुर शाहीविरुद्ध ७५ लाख ९२ हजार चार सय रुपैयाँ विगो दावी गरिएको छ। तीनै जनालाई मुख्य कसुरदारहरुले गरेको बराबर सजाय माग गरिएको छ।

कित्ता नम्बर ९२१ को जग्गा प्राप्त गर्ने अर्का व्यक्ति नरेन्द्रबहादुर थापाबाट जग्गा जफत गरी पूर्ववर्त रुपमा कायम गरी सरकारको नाममा ल्याउन मागदावी गरिएको छ।

छात्रवृत्तिमा पढेर सरकारी सेवामा प्रवेश

❐ काँक्रेविहार संवाददाता

जाजरकोट, ७ असोज

जाजरकोटका जोखिममा परेका दलित समुदायका बालबालिका, युवकयुवतीले छात्रवृत्तिको रकमले उच्च शिक्षा हासिल गर्ने अवसर पाएर सरकारी सेवामा प्रवेश गरेका छन्। भेरी नगरपालिका, नलगाड नगरपालिका, छेडागाड नगरपालिका, कुसे गाउँपालिकाका सात जना दलित र जोखिममा परेका युवायुवती छात्रवृत्ति पाएर अध्ययन सकेपछि सरकारी जागिरमा प्रवेश गरेका हुन्।

दलित, आर्थिक अवस्था कमजोरीका कारण पढाइ खर्चको जोहो गर्न नसक्ने अवस्थाका युवकयुवतीलाई 'सेभ द चिल्ड्रेन' को सहयोग, नेपाल राष्ट्रिय दलित समाज कल्याण सङ्घले प्रदान गरेको छात्रवृत्तिले पढ्न पाएका युवकयुवतीले सरकारी जागिरको अवसर पाएका



छन्। आर्थिक अवस्था कमजोर भएर उच्च शिक्षा हासिल गर्नबाट वञ्चित भएका युवकयुवती छात्रवृत्ति रकमले पढ्न पाएपछि खुसी भएका छन्।

नेपाल राष्ट्रिय दलित समाज कल्याण सङ्घका कार्यक्रम अधिकृत कृष्ण तिरुवाले विशेष लक्षित, अति जोखिममा परेका, रोल मोडेल बालबालिकाले छात्रवृत्ति पाउने गरेको बताउनुभयो। दलित, आर्थिक अवस्था कमजोर, जोखिममा परेका बालबालिका, युवायुवती शिक्षाको अधिकार सुनिश्चित गरी वञ्चित हुन नदिन विगत १४ वर्षदेखि सञ्चालित छात्रवृत्ति कार्यक्रमबाट उच्च शिक्ष हासिल गरेका १० जनाले रोजगारी पाएका छन्।

उनका अनुसार भेरी नगरपालिका-४ तारा सुनार कृषि विकास बैङ्क, सोही वडाका सुरेश विक भेरी नगरपालिका कृषि शाखा अन्तर्गत स्याउली केन्द्रको प्रमुख, भेरी नगरपालिका-५ का रवीन्द्र विक राष्ट्रिय कृषि आधुनिकीकरण परियोजनामा सबइन्जिनियर, भेरी नगरपालिका-६ गँगटियका भिमबहादुर विक शिवालय गाउँपालिकामा वडा सचिव, बुवाको मृत्यु भएपछि विचल्लीमा परेका छेडागाड नगरपालिका-५ बडावनका नरेन्द्र बादी नेपाली सेना, भेरी नगरपालिका-४, धल्लाकी सुनिता विक अपाङ्गता रातो कार्ड प्राप्त घरपरिवारका व्यक्ति सशस्त्र प्रहरी बलमा प्रहरी जवान, कुशे गाउँपालिका-५ का अनिलबहादुर विसी ओखलढुङ्गामा स्वास्थ्य अधिकृत, भेरी नगरपालिका-१ रावतगाउँकी कल्पना बादी रुकुम पश्चिम चौरजहारी नगरपालिका अन्तर्गत स्वास्थ्य शाखामा अनमी पदमा कार्यरत हुनुहुन्छ। प्राविधिक शिक्षाका लागि दुई जना, १ कक्षादेखि एमएसम्म अध्ययन गर्ने बालबालिका तथा युवायुवतीलाई विद्यालय, स्थानीय तहको सिफारिसमा छात्रवृत्ति प्रदान गर्ने गरेको उनको भनाइ छ।

चार वटा स्थानीय तहका कक्षा १ देखि मास्टर डिग्रीसम्म अध्ययन गर्ने बालबालिका तथा युवायुवतीलाई नेपाल सरकारको सामाजिक सुरक्षा नीति अनुसार वार्षिक १० लाख ९२ हजारलाई त्रैमासिक रूपमा दुई लाख ७३ हजार प्रदान गरिएको छ। एक वर्षमा १२० जना बालबालिका तथा युवायुवती छात्रवृत्तिमा छनोट हुने गरेका छन्।

अवैध चिनियाँ मदिरा नपठाउने प्रतिबद्धता

❐ काँक्रेविहार संवाददाता

हुम्ला, ७ असोज

चीनको पुलान काउन्टीको ताक्लाकोटका स्थानीय अधिकारीले चिनियाँ मदिरा नपठाउने प्रतिबद्धता जनाएका छन्। हुम्ला जिल्लाका प्रमुख जिल्ला अधिकारी भोलानाथ गुरागाईंलगायतको टोलीले गरेको आग्रहलाई चिनियाँ टोलीले सकारात्मक रूपमा लिँदै अवैध मदिरा नपठाउने प्रतिबद्धता जनाएको हो। ताक्लाकोटका स्थानीय अधिकारीले अनौपचारिक रूपमा भएको छलफल कार्यक्रममा सार्वजनिक रूपमा अवैध चिनियाँ मदिरा नपठाउने प्रतिबद्धता व्यक्त गरेको प्रमुख जिल्ला अधिकारी गुरागाईंले बताए।

चिनियाँ मदिरा हुम्ला जिल्ला निकासी हुँदा मदिरा सेवनपछि झैझगडा बढेको, सेवन गर्ने बिरामी परेको जस्ता असर देखिएको नेपाली अधिकारीले ताक्लाकोटका स्थानीय अधिकारीलाई जानकारी गराएका थिए।

चिनियाँ अधिकारीका अनुसार हुम्लाका व्यापारीबाट चिनियाँ मदिरा पठाउने माग धेरै आएपछि लाप्चा नाकामा सञ्चालन भएको व्यापार मेलामा पठाउने गरिन्थ्यो। अब भने सरकारी पक्षबाट नपठाउनका लागि गरिएको



आग्रहलाई सकारात्मक रूपमा लिएको उनले जानकारी दिए।

चिनियाँ पक्षले पनि मदिरा नपठाउन सहयोग गर्ने र स्थानीय प्रशासनले पनि नाकामा कडा निगरानी राख्ने छ। बर्सेनि ५० करोडभन्दा बढी रुपियाँको चिनियाँ अवैध मदिरा हिल्सा, लाप्चा, चुँवाखोला र टाँके नाकाबाट भित्रिने गर्दछ। यसले सीमित व्यापारीलाई फाइदा गरे पनि समग्रमा जिल्लामा विवाद सिर्जना गर्दै आएको छ।

गत साउन अन्तिम साता नाम्खा गाउँपालिका-६ को लाप्चामा लागेको व्यापार मेलाबाट भित्रिएको चिनियाँ अवैध मदिरा आठ सय कार्टुन प्रहरीले नियन्त्रणमा लिएर नस्ट गरेको थियो।

बालविवाहको...

संख्यामा हेर्दा पनि अवस्था सामान्य छैन। आर्थिक वर्ष २०७९/८० मा कर्णालीमा ६ हजार ३ सय ९६ जना २० वर्षमुनिका किशोरीले स्वास्थ्य संस्थामा सुत्केरी सेवा लिएका थिए। २०८०/८१ मा यो संख्या ५ हजार ३ सय ९६ मा झ्यो। २०८१/८२ मा ५ हजार ५ सय ४० पुगेकोमा २०८२/८३ मा ५ हजार ४ सय ४२ जना २० वर्षमुनिका किशोरी सुत्केरी भएका छन्।

जसले सानैमा आमा हुने छर्लङ्ग चित्र देखाउँछ। तर गर्भावस्थाको सुरुवाती चरणमै स्वास्थ्य संस्थामा पुग्ने किशोरीको संख्या भने पछिल्लो वर्ष बढेको छ। २०८१/८२ मा २० वर्षमुनिका ८ हजार २ सय ७७ किशोरी पहिलोपटक गर्भजाँचका लागि स्वास्थ्य संस्थामा पुगेका थिए।

२०८२/८३ मा यस्तो संख्या बढेर १० हजार २ सय ९० पुगेको छ। अर्थात् संस्थागत सुत्केरीको संख्या केही घटे पनि किशोरी गर्भधारणको समस्या समाप्त भएको देखिँदैन। नेपाल बहुसूचक सर्वेक्षण २०२४-२५ ले पनि कर्णालीमा बालविवाह र किशोरी मातृत्वको अवस्था राष्ट्रिय औसतभन्दा माथि रहेको देखाएको छ। सर्वेक्षणअनुसार कर्णालीमा १८ वर्ष पुग्नुअघि विवाह गरेका २०-४९ वर्षका महिलाको हिस्सा ४३ दशमलव ४ प्रतिशत छ। राष्ट्रिय औसत ३३ दशमलव ८ प्रतिशत हुँदा कर्णालीमा यस्तो विवाहको दर उल्लेख्य रूपमा बढी हो।

त्यस्तै १५ देखि १९ वर्ष उमेर समूहका किशोरीमध्ये २४ दशमलव ४ प्रतिशत विवाहित वा वैवाहिक सम्बन्धमा रहेको उक्त तथ्यांकमा देखिन्छ। राष्ट्रिय औसत १३ दशमलव ७ प्रतिशत मात्रै छ। यही उमेर समूहको जन्मदर कर्णालीमा प्रति हजार ७७ छ भने राष्ट्रिय औसत ४८ छ।

विवाहको उमेर नपुग्दै विवाह हुने, त्यसपछि छिट्टै गर्भधारण हुने र किशोरीले नै आमाको जिम्मेवारी सम्हाल्नुपर्ने अवस्थाले उनको शिक्षा, स्वास्थ्य र आर्थिक भविष्यमा असर पार्ने जोखिम हुने मध्यपश्चिम विश्वविद्यालयका उपप्राध्यापक युवराज शर्मा बताउँछन्।

कर्णालीका प्रसूति तथा स्त्रीरोग विशेषज्ञ डा. ललितजंग शाही कम उमेरमै गर्भवती हुँदा आमाको ज्यानसमेत जोखिममा पर्ने बताउँछन्। उनका अनुसार किशोरी आमामा उच्च रक्तचाप, रक्तअल्पता, प्रसूतिको समयमा अत्यधिक रक्तस्राव र शल्यक्रिया गर्नुपर्ने जोखिम बढी देखिन्छ। 'कम उमेरका गर्भवतीमा उच्च रक्तचापको जोखिम हुन्छ,' उनले भने, 'सुत्केरी व्यथा सुरु हुनासाथ अत्यधिक रक्तस्राव हुने, रक्तअल्पता हुने र शिशुको तौल निकै कम हुने समस्या देखिन्छ।'

शाहीका अनुसार कम उमेरमै आमा बन्ने अवस्थाले आमाको स्वास्थ्यमा मात्रै होइन, जन्मिने बच्चाको स्वास्थ्यमा समेत असर पार्छ। 'सानै उमेरमा आमा बन्दा महिलाको स्वास्थ्य कमजोर हुन्छ नै, बच्चाको स्वास्थ्यमा पनि असर पर्छ। आमाको पोषण कमजोर हुँदा बच्चाले गर्भमै पर्याप्त पोषण नपाउन सक्छ,' उनले भने।

कम उमेरमा आमा बन्ने अवस्थाको अर्को असर बालबालिकाको पोषणमा देखिएको छ।

सुर्खेतस्थित पोषण पुनःस्थापना केन्द्रकी प्रमुख प्रभा सिंह कलिला आमाबाट जन्मिएका धेरै बालबालिका कुपोषणको समस्यामा आउने गरेको बताउँछिन्।

'केन्द्रमा धेरैजसो २० वर्षमुनिका धेरै आमाहरु कुपोषित बच्चा लिएर आउने गरेका छन्,' उनले भनिन्, 'कम उमेरमै गर्भधारण हुनु, धेरै पटक गर्भवती हुनु, घर र बाहिरको कामको अत्यधिक बोझका कारण आमाले बच्चालाई पर्याप्त समय दिन नसक्नु तथा बच्चालाई के खुवाउने भन्ने पोषणसम्बन्धी ज्ञानको अभावले पनि कुपोषण बढेको छ।'

कर्णालीमा पाँच वर्षमुनिका बालबालिकाको पोषण अवस्था अझै कमजोर छ। स्वास्थ्यसम्बन्धी उपलब्ध तथ्यांकअनुसार पाँच वर्षमुनिका करिब ३६ प्रतिशत बालबालिका कम तौलका छन् भने ५५ प्रतिशतमा पुड्कोपनको समस्या छ।

कर्णालीमा पछिल्लो १२ वर्षमा १०६ जना आमाको मृत्यु भएको स्वास्थ्य सेवा निर्देशनालयको तथ्यांक छ। तर यीमध्ये कति जना किशोरी थिए भन्ने तथ्यांक भने छैन। स्वास्थ्य सेवा निर्देशनालय कर्णाली प्रदेशकी वरिष्ठ नर्सिङ अधिकृत मानकुमारी गुरुङका अनुसार मातृमृत्युको अभिलेखमा उमेर छुट्टै राखिएको छैन। 'हामीसँग जम्मा सुत्केरी तथा गर्भवतीको मृत्युको तथ्यांक हुन्छ,' उनले भनिन्, 'तर कुन उमेरका सुत्केरी तथा गर्भवती हुन् र कुन उमेरका आमाले जन्माएका शिशुहरुको मृत्यु भइरहेको छ भन्ने छुट्टै तथ्यांक छैन।'

मान्म बजारमा खानेपानीको चरम अभाव, सरोकारवाला बेखबर

❐ काँक्रेविहार संवाददाता

कालीकोट, ७ असोज

कालीकोट सदरमुकाम मान्म बजारमा लामो समयदेखि खानेपानीको चरम अभाव हुँदै आएको छ। जीर्ण आयोजना र भरपर्दो व्यवस्थापनको अभावमा सदरमुकाम मान्ममा खानेपानीको समस्या झन् बढ्दै गएको छ। अर्कोतर्फ दैनिक रूपमा बस्ती विस्तार हुँदै जानु र खानेपानीका स्रोत बाँडिँदै जानुले पनि अभाव थपिएको स्थानीयको भनाइ छ। पानीका स्रोतको उचित व्यवस्थापन नहुँदा मान्ममा खानेपानीको सङ्कट बढ्दै गएको छ। पछिल्ला चार वर्षयता खानेपानीको अभाव झनै बढिरहेको स्थानीयको भनाइ छ। बजारको खानेपानी व्यवस्थापनको जिम्मेवारी लिएको वडा नं. १ को लापरबाहीका कारण उपभोक्ताले नियमित रूपमा पानी पाउन नसकेको गुनासो गरेका छन्। अधिल्लो कार्यकालमा वडा नं. १ का अध्यक्ष गणेशबहादुर शाही आफैं खानेपानी उपभोक्ता महासङ्घको अध्यक्षसमेत भएकाले स्रोत व्यवस्थापन गरी केही दिन अभाव भए पनि खानेपानीको व्यवस्था



मिलाउँदै आएको स्थानीय बताउँछन्। पछिल्लो समय वडा अध्यक्ष फेरिएको र खानेपानी व्यवस्थापन समिति पनि नयाँ बनेपछि समस्या झन् बढेको उपभोक्ताको गुनासो छ।

खानेपानीको लाइनमा पानी आए पनि नआए पनि सम्बन्धित पक्षले चासो नदिँदा मान्म बजारमा खानेपानीको अभाव चर्किएको उपभोक्ताको भनाइ छ। बजारका मेडिकल व्यवसायी दिपबहादुर शाहीले जिम्मेवार पदमा रहेका व्यक्तिका आफन्तको प्रभावका कारण बजारवासी खानेपानीबाट वञ्चित हुनुपरेको आरोप लगाए। वडा अध्यक्ष धर्मराज टमटा, उनका बहिनी-ज्वाइँ भिमबहादुर विकलगायत खानेपानी व्यवस्थापन समितिमा रहेका व्यक्तिहरू र कर्मचारीको कार्यसम्पादन प्रभावकारी नभएको उनको गुनासो छ।

समितिका अध्यक्ष जनेशबहादुर शाही निर्माण व्यवसायी भएकाले समितिको काममा पर्याप्त समय दिन नसकेको स्थानीयको भनाइ छ। समितिका सचिव रमेश नेपाली वडा अध्यक्षका साथी तथा नगरपालिकाका कर्मचारी भएकाले पनि खानेपानी व्यवस्थापनका लागि पर्याप्त समय दिन नसकेको गुनासो गरिएको छ। खानेपानीका लागि राखिएका कर्मचारी नियमित रूपमा कार्यालयमा नबस्ने र फोनसमेत सम्पर्कविहीन हुने गरेको स्थानीयको आरोप छ। यसका कारण सदरमुकाम मान्मको खानेपानी समस्या झन् जटिल बन्दै गएको उनीहरूको भनाइ छ।

नगरप्रमुख कमलबहादुर शाहीले खानेपानी व्यवस्थापनको जिम्मेवारी वडा अध्यक्षलाई दिइएको भए पनि कर्मचारी व्यवस्थापन प्रभावकारी हुन नसक्दा समस्या बल्झिएको बताए।

"हामीले धेरै पटक सुधार गर्नका लागि सूचना निकालेर कर्मचारी राख्ने काम गर्‍यौं। तर उही कर्मचारीले मात्र आवेदन दिने भएकाले पुनः उनीहरूलाई नै राख्दा झन् मनोमानी बढेको देखिन्छ," नगरप्रमुख शाहीले भने। "एक-दुई जना नयाँ कर्मचारी पनि राखेका छौं। उनीहरू पनि उस्तै देखिएपछि समस्या बढिरहेको छ। अब केही दिनमा बस्ने कार्यपालिका बैठकमा यस विषयमा आवश्यक निर्णय गर्नेछौं।"

पानी आपूर्तिमा कसैको चासो छैन

जिल्लाको सदरमुकाममै खानेपानीजस्तो आधारभूत सेवाको समस्या हुँदा पनि सरोकारवाला निकायले पर्याप्त चासो नदिएको उपभोक्ताको गुनासो छ। चार वर्षदेखि समस्या बढ्दै जाँदा पनि कुनै निकायले प्रभावकारी पहल नगर्नु दुःखद भएको उनीहरूको भनाइ छ।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

काँक्रेविहार राष्ट्रिय दैनिक

विविध

बिहीवार, ८ असोज, २०८३
Thursday, 24 Sep 2026

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
हु.नि.सु.द.नं. ०१/२०८२/०८३

शिक्षा योजनाको समिक्षा गर्दै कार्ययोजना निर्माण

❐ **काँक्रेविहार संवाददाता**
सल्यान, ७ असोज

सल्यानको तीन वटा स्थानीय तहको शिक्षा योजना पहिलो पटक समिक्षा गरिएको छ। सिद्ध कुमाख, त्रिवेणी गाउँपालिका र शारदा नगरपालिकाको दश वर्षे शिक्षा योजनाको समिक्षासहित कार्य योजना समेत निर्माण गरिएको छ।

युरोपियन यूनियनको सहयोगमा सञ्चालित एक्सेस परियोजनामार्फत स्थानीय शिक्षा योजनाको समिक्षा गर्दै कार्ययोजना निर्माण गरिएको हो। स्थानीय सरकार, विद्यालय तथा समुदायका सरोकारवालाहरू बिच समावेशी शिक्षाका लागि पालिकाका प्राथमिकताहरू पहिचान गरेर स्पष्ट भूमिका र जिम्मेवारी निर्धारण गर्न योजना समिक्षा गरिएको हो। यसैगरी चालु शैक्षिक वर्षमा सञ्चालन गर्न सकिने कार्यहरू तयार गरेर कार्यान्वयनका गर्न पनि उक्त कार्यक्रम गरिएको त्रिवेणी गाउँपालिकाका वरिष्ठ शिक्षा अधिकृत गणेश प्रसाद आचार्यले जानकारी दिए। सम्बन्धित पालिकाहरूमै फरक फरक मितिमा गरिएको कार्यक्रमहरूमा एक्सेस परियोजना अन्तर्गत सञ्चालित र अनुदान प्राप्त नागरिक समाज



संस्था दलित विकास समाजमार्फत भईरहेका कार्यक्रमहरूको जानकारी गराईएको थियो। यस क्रममा पालिकाको दश वर्षे शिक्षा योजनामा रहेका समावेशी शिक्षाका प्राथमिकताहरू बारेमा शिक्षा शाखाले जानकारी गराएका थिए। कार्यक्रममा पालिकाहरूले शैक्षिक प्राथमिकताहरू तथा बजेट विनियोजनको अवस्था, समावेशी शिक्षाको वर्तमान अवस्था, तथ्याङ्क व्यवस्थापनको अवस्था, विद्यालय बाहिर रहेका बालबालिकाको पहिचान तथा पुनःभर्नाको अवस्था, अपाङ्गता भएका बालबालिकाको प्रारम्भिक पहिचान तथा स्क्रिनिङ, समावेशी शिक्षासम्बन्धी सञ्चालित कार्यक्रम तथा पहलहरू र बालिका तथा समावेशी शिक्षा सञ्जालको कार्ययोजनाको प्रगति तथा कार्यान्वयनको अवस्था जानकारी गराएका थिए शारदा नगरपालिकाका बरिष्ठ शिक्षा अधिकृत संगीता बुढाले शिक्षा योजना कार्यान्वयका चुनौती र समाधानका उपायहरू बारेमा पनि छलफल गरिएको बताउनुभयो। समिक्षा पछि कार्य योजना समेत तयार गरिएको उनले जानकारी दिए। सिद्ध कुमाख गाउँपालिकाका वरिष्ठ शिक्षा अधिकृत प्रतिभा ओलीले शिक्षा योजनाका सबल र सुधार गर्नुपर्ने पक्षहरू राखेर समिक्षा गरिएको जानकारी दिए। उनले दश वर्षे शिक्षा योजना निर्माण भएको दुई वर्षपछि पहिलो पटक समिक्षा गरिएको बताए।

शिक्षा योजनालाई विद्यालय शिक्षा क्षेत्र योजना, समावेशिता, समानता तथा नागरिक सहभागिता दृष्टिकोणले समिक्षा गरिएको थियो। स्थानीय तहका शिक्षा कार्ययोजनाहरूलाई समता, समावेशिता, लैङ्गिक समानता, नागरिक सहभागिता तथा बालिका तथा समावेशी शिक्षा सञ्जालका प्रतिबद्धताहरूको आधारमा समीक्षा गरिएको थियो। जसका लागि एक्सेस परियोजनाले छ वटा विषयगत क्षेत्रअन्तर्गत २९ सूचकहरू समेटिएको एकीकृत ढाँचा तयार गरेको थियो। पालिकाले प्रस्तुत गरेको समावेशी शिक्षा क्षेत्रका प्राथमिकता तथा चुनौती र समिक्षामा उल्लेख गरिएका सुधारका उपायहरूमा केन्द्रित भएर कार्य योजना निर्माण गरिएको छ। त्रिवेणी गाउँपालिका अध्यक्ष खिमबहादुर रावतले कार्ययोजनामा उल्लेख गरिएका गतिविधिहरू सम्बन्धित जिम्मेवार शाखा तथा निकायमार्फत कार्यान्वयन गर्ने बताए।

विज्ञहरूको सहभागीतामा तयार भएका योजनाहरू कार्यर्यान्वयनको लागि सबै पक्ष एकै ठाउँमा उभिन आवश्यक रहेको उनले उल्लेख गरे। कार्ययोजनाको प्रभावकारी कार्यान्वयनको लागि पालिका प्रतिबद्ध रहेको उनको भनाइ छ। कार्य योजनामा स्थानीय सरकार, विद्यालय तह, नागरिक समाज संस्था र समुदाय तथा सामुदायिक सिकाइ केन्द्रमार्फत सञ्चालन गर्न सकिने योजनाहरू तय गरिएको छ।

एक्सेस परियोजना सबैका लागि शिक्षाको सुनिश्चितताका नागरिक समाजको भूमिकालाई तिब्र बनाउन कर्णालीको जाजरकोट र सल्यानका पाँच वटा पालिकामा कार्यान्वयनमा रहेको छ। शिक्षा क्षेत्रमा पहुँच, समावेशीता र गुणस्तर अभिबृद्धि गर्न एक्सेस परियोजना सञ्चालित छ। यो परियोजना युरोपियन युनियनको सहयोग, पिपुल इन निडको नेतृत्वमा एकान्टेबिलिटी ल्याब, नेपाल अपाङ्ग महिला संघ र शिक्षाका लागि राष्ट्रिय अभियानद्वारा सञ्चालित छ।

पाकिस्तान-अफगानिस्तान सीमामा फेरि तनाव

❐ **काँक्रेविहार संवाददाता**
काठमाडौं, ७ असोज

पाकिस्तानका स्थानीय अधिकारीहरूले अफगान तालिवान सेनाले रातभर पाकिस्तानी सीमा चौकीमा मोर्टार तथा अन्य भारी हतियारबाट गोलाबारी गरेको बताएका छन्। अफगानिस्तानले भने आफ्ना सुरक्षाकर्मीले त्यस्तो कुनै आक्रमण नगरेको दाबी गरेको छ।

पाकिस्तानी अधिकारीहरूका अनुसार आतङ्कवादी समूहको सीमापार घुसपैठ प्रयास विफल पारेपछि अफगान तालिवान सेनाले पाकिस्तानी सीमा चौकीलाई लक्षित गरी गोलाबारी गरेको हो। त्यसपछि पाकिस्तानी सेनाले जबाफी कारबाही गर्दै अफगान तालिबानका सीमा चौकी, मोर्टार प्रहार गर्ने स्थान र अन्य रक्षात्मक संरचनालाई तोपखानाबाट निशाना बनाएको उनीहरूले बताएका छन्।

चार स्थानीय अधिकारीका अनुसार पक्तिया र नङ्गरहार प्रान्ततर्फबाट आतङ्कवादीहरूले पाकिस्तान प्रवेश गर्ने प्रयास गरेका थिए। पाकिस्तानले पाकिस्तानी तालिबानका लडाकुलाई 'फितना-उल-खवारीज' नामले सम्बोधन गर्दै आएको छ।

पाकिस्तानी अधिकारीहरूले अफगान तालिवान सरकारमाथि आफ्नो भूमिबाट आतङ्कवादी गतिविधि सञ्चालन गर्न दिएको आरोप लगाउँदै आएका छन्। काबुलले भने उक्त आरोप अस्वीकार गर्दै आएको छ।

अधिकारीहरूले घुसपैठको प्रयास विफल भएपछि अफगान तालिबान सेनाले गोलाबारी गरेको र जबाफी कारबाहीपछि उसका केही सुरक्षाकर्मीले स्थान छाडेको तथा हताहत भएको दाबी गरेका छन्। उनीहरूले नाम सार्वजनिक नगर्ने सर्तमा पछिल्लो घटनाबारे जानकारी दिएका हुन्। यी दाबीहरू स्वतन्त्र रूपमा पुष्टि हुन सकेका छैनन्।

हुलाक सेवा: नागरिकको विश्वास

- हुलाक सेवाको इतिहास, महत्व र योगदानको सम्मान गरौं,
- दुर्गम तथा ग्रामीण क्षेत्रमा समेत भरपर्दो हुलाक सेवा विस्तारमा सहयोग गरौं,
- हुलाक सेवालाई आधुनिक सूचना तथा सञ्चार प्रविधिसँग जोड्दै प्रभावकारी बनाऔं,
- हुलाकमार्फत उपलब्ध सेवा तथा सुविधाको प्रयोग तथा सही सदुपयोग गरौं,
- चिठीपत्र, पार्सल तथा अन्य सामग्री पठाउँदा सही विवरण र सुरक्षित प्याकेजिङमा ध्यान दिऔं,
- हुलाक सेवाको डिजिटल रूपान्तरण र आधुनिकीकरणलाई प्रोत्साहन गरौं,
- हुलाक सम्पदा तथा ऐतिहासिक महत्वका सामग्रीको संरक्षण गरौं,
- आधुनिक हुलाक सेवा अपनाऔं, सेवा प्रवाहलाई प्रभावकारी बनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रदेश अस्पतालको जनहितमा जारी सन्देश !

'सुन्दर व्यवस्थित साधन सम्पन्न समग्र स्वास्थ्य सेवाको सञ्जाल,
सामुदायिक संगलग्नता र सहयोगयुक्त उत्कृष्ट नमूना प्रदेश अस्पताल'

प्रदेश अस्पतालबाट दिईने सेवाहरू :

- ❐ पेट, छाती, मुटु, हाडजोर्नी तथा नसा, बाल रोग, स्त्री रोग तथा प्रसूति निःसन्तान, जनरल सर्जरी अप्रेशन सम्बन्धी सेवा
- ❐ २४ सै घण्टा इमरजेन्सि र ल्याव सेवा, अल्ट्रासाउण्ड भिडियो एक्सरे सेवा
- ❐ ईन्डोस्कोपी इ.सी.जी. र इको कार्डियोग्राफि सेवा, गरीब असहायलाई निःशुल्क सेवा
- ❐ पाठेघर खस्ने समस्याको निःशुल्क शल्यक्रिया गरिने, पिसाब चुहिने रोगको जाँच तथा उपचार सेवा
- ❐ नाक, कान, घाँटी, छाला, यौन तथा कुष्ठरोग, मनोरोग सम्बन्धी सेवा
- ❐ फिजियोथेरापी, डायलसिस, प्याथोलोजी, आई.सि.यु. न्युरो आई.सि.यु. तथा एन आई.सि.यु, र अस्पताल फार्मेसी सेवा २४ सै घण्टा
- ❐ मेमोग्राफी, मृगौलाको पत्थर नचिरेर फुटाउने तथा लेजरबाट मृगौलाको पत्थरको शल्यक्रिया सेवा
- ❐ हर्निया, एपेन्डिक्सको नचिरेर मेसिनबाट शल्यक्रिया, न्युरो सर्जरी तथा स्पाईन सर्जरी सेवा
- ❐ दाँत तथा मुख सम्बन्धि सेवा र २४ सै घण्टा एम्बुलेन्स तथा शव वाहन सेवा

प्रदेश अस्पताल
वीरेन्द्रनगर सुर्खेत





काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)